नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# भरतपुर अस्पताल, चितवन
## दरभाउपत्र सम्बन्धि सूचना
## (प्रथम पटक प्रकाशित मिति २०७८।१०।२५)

यस अस्पताललाई आवश्यक भएको ब्याट्री खरिद तथा पुरानो ब्याट्री विक्री दरभाउपत्रको माध्यमवाट गर्नुपर्ने भएकोले मु.अ.क.मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त सप्लायर्स, विकेता तथा व्यवसायीहरुले,रितपुर्वकको दरभाउपत्र तपशिलको शर्तहरु पालना हुने गरी यस अस्पतालको Website- www.bharatpurhospital.gov.np को eProcurement System मार्फत पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरुः**

**शर्तहरुः**

१. आ.व.०७८।०७९ का लागि नविकरण भएको इजाजत दर्ता पत्र र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्र, आ.व.०७७।०७८ को करचुक्ता को प्रमाणपत्र पेश गर्नु पर्ने छ।

२. दरभाउपत्र खरिद तथा पेश गर्नको लागि तपशिल अनुसारको दरभाउपत्र दस्तुर रकम, उल्लेखित मिति र समयमा यस भरतपुर अस्पताल विकास समितिको राष्ट्रिय वाणिज्य वैंक भरतपुरमा रहेको च.हि.नं. १३१०१००००००९६७००१ मा जम्मा गरेको वैक भौचर पेश गर्नु पर्ने छ।

३. दरभाउपत्र पेश गर्दा जमानत वापत तपशिलमा उल्लेखित रकम रा.वा. वैंक भरतपुर शाखामा कार्यालयको नाम- को.ले.नि.का.चितवन, खाता नं.- ख ३ धरौटी १३१०१००२०३००००, जम्मा गर्न पठाउने कार्यालयको नाम-भरतपुर अस्पताल,चितवन, जम्मा गर्न पठाउने कार्यालयको कोड नं.- ३७०००३१०२ सहितको विवरण भरी रकम जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा ९० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ।

४. दरभाउपत्र तपशिलमा उल्लेखित मिति र समयमा यस अस्पतालको Website- www.bharatpurhospital.gov.np को eProcurement System मार्फत अनिवार्य रुपमा पेश गर्नु पर्ने छ

५. Upload भएका दरभाउपत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा यस अस्पतालमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन। दरभाउपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट क्रमश उक्त कार्य हुनेछ।

६. दरभाउपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यतादिइने छ।

७. दरभाउपत्र दाताले कवोल गरेको दररेट तथा वोलपत्रमा तोकिएको स्पेसिफिकेशन वमोजिमको सामान समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ। त्यसरी खरीद गर्दा दरभाउपत्रमा उल्लेख गरिएको मुल्यभन्दा बढी पर्न गएमा दरभाउपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न बाकि रकमबाट असुल उपर गरिनेछ।

८. दरभाउपत्रदाताले वि.ओ.क्यु. वमोजिम नयाँ ब्याट्री अस्पतालाई सप्लाई गर्न र अस्पतालमा रहेको पुरानो ब्याट्री खरिद गर्नु पर्ने भएकोले अनिवार्य रुपमा दुवै वि.ओ.क्यु. भरी पेश गर्नु पर्ने छ। अन्यथा दरभाउपत्र मुल्यांकनमा समावेश गरिने छैन।

नि. प्र. मे. सु.

९. सप्लाई गरिने सम्पूर्ण सामानहरु कार्यालयको स्पेसिफिकेशन वमोजिमको उच्च गुणस्तरको हुनपर्नेछ

१०. दरभाउपत्रमा उल्लेखित सामानहरु आवश्यकता अनुसार पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ । खरीद गरिने सामान घटी वढी हुन सक्नेछ ।

११. कुनै दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षीत रहनेछ

१२. सप्लाई गरिएका समानहरु निरिक्षण एव परिक्षण गर्दा सम्झौतामा उल्लेखित गुणस्तर वमोजिमका नभए सम्झौता रद्द गरिनेछ ।

१३. संम्झौता गरी सामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि सम्वन्धित निकायमा लेखि पठाइनेछ ।

१४. शर्त रहेको,रीत नपुगेको तथा म्याद नाघी आएको वोलपत्र उपर कुनै कारवाही हनेछैन । एक फर्म वा सस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नामवाट पेश गर्न पाईने छैन ।

१५. दरभाउपत्रदाताले खरिद कारवाहिमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नवाझिएको वा ब्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको भनि स्वयं घोषणा पेश गर्नुपर्नेछ । त्यस्तो स्वयम घोषण सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ ।

१६. यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

१७. अस्पतालले विक्री गर्ने पुरानो ब्याट्री(स्पेसिफिकेशन) दरभाउपत्रदाताले हेर्न, अवलोकन चाहेमा कार्यालय समय भित्र खरिद शाखामा सम्पर्क गर्न सक्नेछ । थप जानकारीको लागि यस अस्पतालको खरिद शाखा र लेखा शाखामा सर्म्पक राख्न सकिनेछ ।

तपशिल

| सि .नं | ठे.नं. | विवरण | जमानत रकम | दरभाउपत्र दस्तुर | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५८, ०७८।०७९ | नयाँ ब्याट्री खरिद तथा पुरानो ब्याट्री विक्रि | २५०००।- | १०००।- | १५ औं दिनको वैकिङ समय भित्र । | १६ औं दिनको १२।०० वजे | १६ औं दिनको १।०० वजे | |

नि. प्र. मे. सु.

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## भरतपुर अस्पताल

भरतपुर, चितवन

### अस्पताललाई आवश्यक पर्ने ब्याट्री सप्लाईको (ठे.नं. ५८,०७८।०७९) दरभाउपत्र फाराम (क)

| सि.नं. | सामानको नाम (विवरण) | स्पेसिफिकेशन | आवश्यक संख्या | प्रति ईकाइ दर रु अंकमा | प्रति ईकाइ दर रु अक्षरमा | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | Sealed Lead- acid Battery | 12volt, 100AH, 2yrars guarantee | ३२ थान | | | | |
| २ | Sealed Lead- acid Battery | 12volt, 150AH, 2yrars guarantee | ४ थान | | | | |
| कुल जम्मा (मु.अ.क.वाहेक) | | | | | | | |
| वोलपत्र पेश गर्ने फर्मको नाम, ठेगाना- | | | | | | | |
| आधिकारिक दस्तखत- | | | | | | | |
| फर्म(कम्पनी) को आधिकारिक छाप- | | | | | | | |
| वोलपत्र पेश गर्दाको मिति- | | | | | | | |

नि. प्र. मे. सु.

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

भरतपुर, चितवन

## अस्पताललाई आवश्यक नपर्ने पुरानो ब्याट्री विक्रीको (ठे.नं. ५८,०७८।०७९) दरभाउपत्र फाराम

(ख)

| सि.नं. | सामानको नाम (विवरण) | स्पेसिफिकेशन | आवश्यक संख्या | प्रति ईकाइ दर रु अंकमा | प्रति ईकाइ दर रु अक्षरमा | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | Wersafe Plus Sealed Lead- acid Battery | 12volt, 100AH, Exide industries ltd. | ३२ थान | | | | |
| २ | Solex olar Tubular Technology Battery | 12volt, 150AH | ४ थान | | | | |
| कुल जम्मा (मु.अ.क.वाहेक) | | | | | | | |
| वोलपत्र पेश गर्ने फर्मको नाम, ठेगाना- | | | | | | | |
| आधिकारिक दस्तखत- | | | | | | | |
| फर्म(कम्पनी) को आधिकारिक छाप- | | | | | | | |
| वोलपत्र पेश गर्दाको मिति- | | | | | | | |

नि. प्र. मे. सु.